स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता विराज भट्टको निर्देशनमा बनेको फिल्म "१२ गाउँ २" प्रदर्शन हुन अब तीन दिन मात्र बाँकी छ। दसैंलाई लक्षित गर्दै यही शुक्रबार (३० असोज)बाट प्रदर्शन हुन लागेको फिल्मका टिजरदेखि गीतसम्मले दर्शकमाझ राम्रै चर्चा पाइरहँदा मंगलबार ट्रेलर सार्वजनिक गरिएको छ। झण्डै चार मिनेट लामो ट्रेलरमा एक्सनलाई प्राथमिकता दिइएको छ। विराज भट्टको "भ्वाइस ओभर"बाट सुरु भएको ट्रेलरमा अपहरण, उद्धार र बदलाको झलक देख्न सकिन्छ।

आजको विचार...



भोटेकोशी...
(दुई पेजमा)

विजयराज पोखरेल



अभिनेता विजय बराल अभिनीत बहुप्रतीक्षित नेपाली चलचित्र "कबड्डी ५ : आफ्टर द फाइनल म्याच"को आधिकारिक ट्रेलर सार्वजनिक भएको छ। मंगलबार सार्वजनिक ट्रेलरमा विजय पुनः दर्शकमाझ परिचित बीके पात्रको भूमिकामा देखिएका छन्। रामबाबु गुरुङको लेखन तथा निर्देशनमा तयार भएको चलचित्रमा दयाहाङ राई, विजय बराल र बुद्धि तामाङको चर्चित त्रिकोणीय सहकार्यलाई निरन्तरता दिइएको छ। सार्वजनिक ट्रेलरमा प्रेम, विवाह, पारिवारिक सम्बन्ध र हास्यप्रधान घटनाक्रमलाई समेटिएको छ।

❐ वर्ष ३२ ❐ अंक ९० ❐ २०८३ असोज २९ गते बिहीबार 15 October 2026, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### डुङ्गा दुर्घटनामा १३ बालबालिकाको मृत्यु

**रासस/एएनआई**

**काठमाडौं,** असोज २८/ भारतको बिहार राज्यस्थित वैशाली जिल्लामा डुङ्गा डुब्दा १३ बालबालिकाको मृत्यु भएको छ भने सात जनालाई उद्धार गरिएको छ । जिल्ला मजिस्ट्रेट वर्षा सिंहका अनुसार मृत्यु हुने सबै बालबालिका १५ वर्ष वा सोभन्दा कम उमेरका छन् । मङ्गलबार साँझ करिब ८ :३० बजे छिमेकी गाउँमा भोजमा सहभागी हुन जाँदै गरेका करिब १५ देखि २० जना बालबालिका सवार डुङ्गा पल्टिएर दुर्घटना भएको उनले बताए । पत्रकारहरूसँग कुरा गर्दै जिल्ला मजिस्ट्रेट सिंहले घटनालाई अत्यन्त दुःखद् बताए । उनका अनुसार उद्धार गरिएका सात जनालाई उपचारका लागि एनएमसीएच लगिएको छ र उनीहरूको अवस्था स्थिर रहेको छ । उनले घटनास्थलमा राज्य विपद् प्रतिक्रिया बल (एसडीआरएफ) को टोली परिचालन गरिएको तथा स्थानीय गोताखोरको सहयोगमा उद्धार कार्य भइरहेको जानकारी दिए । दुर्घटनामा १३ जना बालबालिकाको मृत्यु भएको पुष्टि गर्दै उनले मृतक सबै १५ वर्ष वा सोभन्दा कम उमेरका रहेको बताए। दुर्घटनापछि बेपत्ता भएका अन्य व्यक्तिको खोजी गर्न उद्धार टोली परिचालन गरिएको थियो ।

# दसैँको सँघारमा किसानलाई धान स्याहार्ने चटारो

**राष्ट्रिय समाचार समिति**

**बाँके,** असोज २८/ चारैतिर दसैँको रौनकता छाएका बेला बाँकेका किसानलाई भने यतिबेला वर्षभरि खाने धान सकुशल भित्र्याउने चटारो छ ।रातो टीका, जमरा र आफन्तसँगको खुसी साटासाट गर्ने पर्खाइमा धेरैजसो मानिस किनमेल र घर सिँगार्न व्यस्त छन् । तर यहाँका किसानलाई भने खेतभरि पहेँलपुर झुलेको धान वर्षाले भित्र्याउन दिन्छ कि दिन्न भन्ने पिरले गाँजेको नेपालगन्ज उपमहानगरपालिका-१९ सुइयागाउँका किसान ध्रुव थापाले बताए ।"असारे हिलोमा बगाएको पसिना यतिबेला खेतभरि पहेँलपुर झुलेको छ, त्यसैले दसैँको टीका थाप्नेभन्दा पनि खेतको धान थन्क्याउने हतारो छ", थापाले भने, "यदि अहिल्यै धान भित्र्याउन सकिएन भने ठूलो क्षति हुन्छ, त्यसैले हाम्रा लागि यतिबेला दसैँको रौनकभन्दा धान भित्र्याउने चटारोले छोएको छ ।" गत असारमा लगाइएको धान पाकेर



यतिबेला खेतमा झुलेको छ । अब वर्षा भए धान बालीमा ठूलो क्षति हुने भएकाले किसानलाई अहिले दसैँ मनाउनभन्दा पनि धान भित्र्याउन भ्याइनभ्याइ भएको उनी बताउछन् । गत हप्ता नै ठूलो वर्षा भएकाले धान भित्र्याउन नसकिएको जनाउँदै थापा केही दिन पानी नपरेकाले खेताला लगाएर धान काट्ने र भित्र्याउन काममा लागेको जानकारी दिए । विगतका वर्षमा प्रायः दसैँ सकिएपछि मात्र धान भित्र्याउने समय आउँथ्यो । तर, यसपालि दसैँ केही ढिला परेकाले धान पाक्ने र दसैँ मनाउने समय एकैपटक जुध्न पुगेको छ । गाउँघरमा दसैँको उल्लासभन्दा पनि यस वर्ष खेतबारीको कामको हतारो बढी देखिएको राप्ती सोनारी-५ का किसान अशोक वलीले बताए ।"अहिले त धान काट्ने बेलामै ठूलो वर्षा भयो । केही दिनदेखि पानी रोकिएकाले धेरै किसान धान काट्न र भित्र्याउनमै व्यस्त छौँ", वलीले भने, "एकातर्फ धान भित्र्याउनु छ, अर्कातर्फ बारीमा गहुँ छर्ने समय भइसकेको छ । एकैपटक धेरै काम थपिएकाले यसपालिको दसैँ अघिल्ला वर्षजस्तो फुर्सदिलो र रमाइलो हुने छाँट छैन ।"केही दिनअघि नै धान काट्ने तयारी गरे पनि वर्षाका कारण रोकिएकाले अहिले किसान अर्मपर्म गरी धान भित्र्याउन व्यस्त रहेको राप्ती सोनारी गाउँपालिका-३ का वडाध्यक्ष मीनकुमार चौधरीले बताए।उनका अनुसार यस वर्ष समयमै मनसुन सुरु भएकाले बाँकेमा धानको उत्पादन राम्रो भएको छ । खेतभरि झुलेका बालाले राम्रो भण्डारणको सङ्केत गरे पनि अनपेक्षित वर्षाको जोखिम भने अझै टरेको छैन ।"आकाशमा अलिकतिमात्रै बादल मडारिँदा पनि किसानको धड्कन बढ्ने गर्छ । मिहिनेतअनुसार धान राम्रो त भएको छ, तर समयमै घर भित्र्याउन नसके असिनापानीले नोक्सान पुर्याउन सक्छ", चौधरीले भने, "बाँकेका किसान यतिबेला दसैँको रमझमभन्दा माथि उठेर धान भित्र्याउन लागेका छन्, किसानलाई धानखेती सुरक्षित घर भित्र्याउन पाउनु नै यसपालिको सबैभन्दा ठूलो दसैँ र खुसी हुनेछ ।"

कृषि ज्ञान केन्द्र बाँके सूचना अधिकारी वरिष्ठ कृषि प्रसार अधिकृत सुजिता शर्माले पाकेर स्याहार्ने बेला पानी पर्ने डरले यतिबेला किसान धमाधम धान भित्र्याउन लागेको बताइन् ।जिल्लामा कुल ५४ हजार ५२६ हेक्टर खेतीयोग्य जमिनमध्ये ३३ हजार ५७० हेक्टरमा धान रोपाइँ हुने गरेको छ । यो वर्ष ३३ हजार ५०३ हेक्टर क्षेत्रफलमा रोपाइँ भएको कृषि ज्ञान केन्द्र बाँकेका सूचना अधिकारी शर्माले जानकारी दिइन् ।*-रासस*

## आज विश्व हात धुने दिवस मनाइँदै




**पाल्पा,** असोज २८/आज विश्व हात धुने दिवस नेपालमा पनि विविध कार्यक्रम गरी मनाइँदै छ । नेपालमा सन् २००८ अक्टोबर १५ देखि विश्व हात धुने दिवस मनाइँदै आइएको छ ।

साबुनपानीले मिचीमिची हात धुने बानीले श्वासप्रश्वासजन्य एवं निमोनिया सङ्क्रमण तथा झाडापखालामा कमी ल्याउन र जीवाणुद्वारा लाग्ने रोगबाट पनि बच्न सकिने तथ्य विभिन्न अध्ययनहरूले देखाएका छन् । चिकित्सकहरुका अनुसार शौचालय प्रयोग गरेपछि, बालबालिकाको दिसा धोएपछि, हात फोहर भएपछि, खाना बनाउनु, खाना खानु र खुवाउनु अगाडि, अनुहार, नाक, मुख, आँखा छोइसकेपछि, बाहिरबाट घर फर्किएपछि साबुनपानीले नियमित हात धुने बानी विकास गर्नुपर्दछ । साथै बालबालिकालाई घरमा नै साबुनपानीले हात धुने बानी बसाल्नुपर्दछ । जीवाणु (ब्याक्टेरिया) र विषाणु (भाइरस)जन्य रोग लाग्नबाट रोक्ने र जीवन बचाउने सजिलो, प्रभावकारी र किफायती तरिका साबुनपानीले हात धुनु हो । साबुनपानीले हात धुँदा कीटाणुहरूबाट मुक्ति पाउनुका साथै आफूलाई र आफ्ना वरपरका मानिसलाई बिरामी हुनबाट जोगाउन सकिने बताइएको छ ।

## अन्तर्राष्ट्रिय ग्रामीण महिला दिवस मनाइँदै

**पाल्पा,** असोज २८/ग्रामीण महिलाको योगदानको सम्मान गर्दै उनीहरूको अधिकार, समानता र सशक्तीकरणका विषयलाई प्राथमिकतामा राखेर आज अन्तर्राष्ट्रिय ग्रामीण महिला दिवस मनाइँदै छ । नेपालमा ग्रामीण महिलाहरुको भूमिकालाई सम्मान गर्दै वि.सं. २०७० देखि यो दिवस मनाउन थालिएको हो ।

सयुंक्त राष्ट्र संघको आह्वानमा १८ डिसेम्बर २००७ मा यो दिवस मनाउने निर्णय भए अनुसार १५ अक्टोबर २००८ देखि विश्वव्यापी रुपमा यो दिवस मनाउने क्रम शुरु भएको हो । घरभित्रको काममा सिमित ग्रामीण महिलाहरुलाई परिवार र समाजको महत्वपूर्ण भूमिका निर्वाह गर्नसक्ने स्थानमा पुर्‍याउने पवित्र भावनाले यो दिवस मनाईन्छ । ग्रामीण महिलाहरुलाई घरको काम बाहेक आयआर्जन मुलक काममा सहभागीता गराई गरिबी न्यूनिकरणमा टेवा पुर्‍याउनु यो दिवसको प्रमुख उद्देश्य रहेको छ । दिगो विकासका लागि आर्थिक, वातावरणीय र सामाजिक परिवर्तनका लागि ग्रामीण महिलाहरुको महत्वपूर्ण भूमिका रहने गर्दछ । तर नेपाल जस्ता विकासोन्मूख




देशहरुमा भने सम्पति, स्वास्थ्य र शिक्षामा महिलाको पर्याप्त पहुँच भने पुग्न सकेको छैन । ग्रामीण महिलाहरुलाई सशक्तिकरणका माध्यमबाट सक्षम नागरिकका रुपमा पहिचान गराउन सके परिवार र समग्र देशकै समृद्धि हुने कुरामा दुई मत छैन । ग्रामीण महिलाले कृषि उत्पादन, पशुपालन, खाद्य सुरक्षा, परिवारको हेरचाह तथा ग्रामीण अर्थतन्त्रको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् । उनीहरूको श्रम र योगदानले परिवारदेखि समग्र समाजको आर्थिक तथा सामाजिक विकासमा उल्लेखनीय टेवा पुर्‍याउँदै आएको छ । तर, यति महत्वपूर्ण योगदानका बाबजुद ग्रामीण महिलाले अझै पनि विभिन्न सामाजिक, आर्थिक तथा संरचनागत चुनौतीको सामना गर्नुपरेको छ । विशेषगरी ग्रामीण क्षेत्रमा बसोबास गर्ने महिलाहरू शिक्षा, स्वास्थ्य सेवा, रोजगारी, वित्तीय पहुँच, प्रविधि तथा निर्णय प्रक्रियामा समान अवसरबाट वञ्चित हुने अवस्था अझै विद्यमान छ । भूमिमा स्वामित्वको कमी, पारिश्रमिकमा असमानता, घरेलु जिम्मेवारीको बढी भार र स्रोतसाधनमा सीमित पहुँचले उनीहरूको आर्थिक तथा सामाजिक सशक्तीकरणमा चुनौती थपेको छ । अन्तर्राष्ट्रिय ग्रामीण महिला दिवसले ग्रामीण महिलाको श्रमको उचित मूल्याङ्कन, उनीहरूको अधिकारको संरक्षण तथा विकासका हरेक क्षेत्रमा समान सहभागिता सुनिश्चित गर्नुपर्ने आवश्यकतालाई उजागर गर्दछ । यस दिवसका अवसरमा ग्रामीण महिलालाई आत्मनिर्भर बनाउने, सीपमूलक तालिम प्रदान गर्ने, उद्यमशीलताको विकास गर्ने तथा कृषि र अन्य उत्पादनमूलक क्षेत्रमा उनीहरूको पहुँच विस्तार गर्ने विषयमा जोड दिनुपर्ने देखिन्छ । नेपालजस्तो कृषिमा आधारित अर्थतन्त्र भएको मुलुकमा ग्रामीण महिलाको भूमिका अझ महत्वपूर्ण छ। खेतीपातीदेखि उत्पादनको व्यवस्थापन र बजारीकरणसम्म उनीहरूको सक्रिय सहभागिता रहँदै आएको छ। त्यसैले ग्रामीण महिलाको क्षमता, सीप र अनुभवलाई उपयोग गर्दै उनीहरूलाई विकासको मूल प्रवाहमा समेट्नु आवश्यक छ । ग्रामीण महिलाको जीवनस्तर सुधार गर्न राज्यका नीति तथा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने, महिलामैत्री अवसर सिर्जना गर्नुपर्ने र स्थानीय तहदेखि राष्ट्रिय स्तरसम्म निर्णय प्रक्रियामा उनीहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्ने सरोकारवालाहरूको जोड रहँदै आएको छ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## ग्रामीण महिला दिवस र सशक्तीकरणको सवाल

हरेक वर्ष अक्टोबर १५ मा अन्तर्राष्ट्रिय ग्रामीण महिला दिवस मनाइन्छ । ग्रामीण महिलाहरूले कृषि, पशुपालन, खाद्य उत्पादन, परिवारको हेरचाह तथा ग्रामीण अर्थतन्त्रको विकासमा पुऱ्याउँदै आएको योगदानको सम्मान गर्दै उनीहरूका समस्या, चुनौती र अधिकारका विषयमा जनचेतना फैलाउनु यस दिवसको मुख्य उद्देश्य हो । ग्रामीण महिलाहरूको योगदानले समाज र राष्ट्रको समृद्धिमा महत्वपूर्ण भूमिका खेले पनि उनीहरूको श्रम, सीप र क्षमताले अपेक्षित सम्मान तथा अवसर पाउन सकेको छैन । त्यसैले यो दिवस उत्सव मनाउने अवसर मात्र नभई ग्रामीण महिलाको अवस्था बदल्न प्रतिबद्धता व्यक्त गर्ने दिन पनि हो ।

नेपालजस्तो कृषिप्रधान देशमा ग्रामीण महिलाको भूमिका अत्यन्त महत्वपूर्ण छ । खेतबारीमा बीउ रोप्नेदेखि बाली भित्र्याउनेसम्म, पशुपालनदेखि घरपरिवारको व्यवस्थापनसम्म ग्रामीण महिलाहरू निरन्तर खटिरहेका हुन्छन् । परिवारको खाद्य सुरक्षा कायम राख्न, बालबालिकाको शिक्षा र स्वास्थ्यमा ध्यान दिन तथा स्थानीय उत्पादन र जीविकोपार्जनलाई निरन्तरता दिन उनीहरूको योगदान अतुलनीय छ । तर विडम्बना, यति ठूलो जिम्मेवारी वहन गर्ने महिलाहरूले अझै पनि सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रमा समान अवसर प्राप्त गर्न सकेका छैनन् । ग्रामीण महिलाहरूका प्रमुख समस्यामध्ये गरिबी, अशिक्षा, स्वास्थ्य सेवामा सीमित पहुँच, भूमिमा स्वामित्वको अभाव, प्रविधि तथा वित्तीय सेवाबाट वञ्चित हुनु र लैङ्गिक विभेद प्रमुख छन् । धेरै महिलाहरूले दिनभरि कठिन शारीरिक श्रम गरे पनि उनीहरूको कामलाई आर्थिक मूल्यका आधारमा उचित मान्यता दिइँदैन । घरायसी तथा हेरचाहसम्बन्धी कामलाई जिम्मेवारीका रूपमा लिइए पनि त्यसको आर्थिक र सामाजिक महत्वलाई पर्याप्त रूपमा स्वीकार गरिएको छैन । यसले महिलाको आत्मनिर्भरता, निर्णय गर्ने क्षमता र सामाजिक सहभागितामा बाधा पुऱ्याएको छ । राज्यले महिलामैत्री नीति तथा कार्यक्रमलाई व्यवहारमा कार्यान्वयन गर्नुपर्छ । महिलाको भूमिमा स्वामित्व सुनिश्चित गर्ने, कृषि उत्पादनको उचित मूल्य उपलब्ध गराउने, गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवामा पहुँच बढाउने र उद्यमशीलताका लागि आवश्यक पुँजी तथा प्राविधिक सहयोग प्रदान गर्ने व्यवस्था हुनुपर्छ । साथै, स्थानीय तहका योजना निर्माणदेखि कार्यान्वयन र मूल्याङ्कनसम्म ग्रामीण महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनुपर्छ । त्यसैगरी, महिलामाथि हुने हिंसा, विभेद, बालविवाह र हानिकारक सामाजिक प्रथाको अन्त्यका लागि परिवार, समुदाय, नागरिक समाज तथा राज्य सबै जिम्मेवार बन्नुपर्छ । महिलालाई केवल सहयोगको पात्रका रूपमा नभई ज्ञान, सीप, अनुभव र नेतृत्व क्षमता भएका विकासका साझेदारका रूपमा स्वीकार गर्नुपर्छ । ग्रामीण महिलाको श्रमको सम्मान, आर्थिक स्वतन्त्रता र निर्णय प्रक्रियामा सहभागिता सुनिश्चित नभएसम्म समावेशी तथा दिगो विकासको लक्ष्य हासिल गर्न कठिन हुन्छ । तसर्थ ग्रामीण महिलाको सम्मान, अधिकार र सशक्तीकरण सुनिश्चित गर्नु नै दिगो विकास र समृद्ध नेपालको बलियो आधार हो । यस तर्फ सबैले ध्यान दिन जरुरी छ ।

### Opinion @ Social Network

पर्खाई कति लामो हो भग्वान,
अब त पर्खाएर तिमि पनि थाक्ने बेला भैसक्यो होला।
*(कुशल बश्यालको फेसबुक स्टाटसबाट www.facebook.com/Kushal.Bashyal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# भोटेकोशी विपद्पछि थपिएको चुनौती



## विजयराज पोखरेल

नेपाल हिमालको काखमा अवस्थित देश । प्रकृतिको बरदानको रूपमा रहेको सुन्दर हिमालले नेपालको मात्र होइन दक्षिण एसियाकै मानव सभ्यतालाई सदियौंदेखि जोगाइराखेको छ । हिमपर्वत नै पानी, पारिस्थितिक प्रणाली, कृषि र जीविकोपार्जनको प्रमुख आधार रहँदै आएको छ । आज यही हिमपर्वत अभिसापको रूपमा देखापर्दै छ । गत भदौ १० गते भोटेकोशीमा भएको हिम-प्रलयले नेपाललाई मात्र शोकमा डुबाएन, विश्वलाई समेत स्तब्ध बनायो । मानवले प्रकृतिमैत्री जीवनयापन नगर्दा उत्पन्न जलवायु परिवर्तनको असर कतिको भयावह हुनसक्छ भन्ने चेतावनी पनि भोटेकोशी बाढीले विश्वलाई दिएको छ । विश्वतापमान वृद्धिको कारण हिमाली क्षेत्रमा देखिएको विचलनले आगामी दिनमा हाम्रो भविष्य थप चुनौतिपूर्ण हुने निश्चित देखिएको छ ।

हरेक वर्ष जसो एकपछि अर्को ठूला विपत्को सामना गरिरहनुपर्ने अवस्था रहेको छ । सामान्य अवस्थामा त गरिबी, बेरोजगारी र पछौटेपनबाट पार पाउन सकसपूर्ण रहेको बेला वर्षेनी निम्तिने ठूलाठूला प्राकृतिक प्रकोपका घटनाले हाम्रो विकास यात्रा त्यति सहज भने हुनेछैन । भोटेकोशीको विनासकारी बाढीले निम्त्याएको मानवीय र भौतिक क्षति अकल्पनीय रह्यो । यो विपत्मा १५ सय बढीको मृत्यु हुनपुग्यो । ५ हजार बढीलाई बेपत्ता बनायो । बाढीले घर, सडक, पुल, बजार, विद्यालय, सरकारी कार्यालय, विद्युत् आयोजना जस्ता भौतिक संरचनामा ठूलो क्षति पुऱ्यायो । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको प्रारम्भिक प्रतिवेदन अनुसार यो विपत्मा करिब ७ हजार ५ सय ७० घरधुरी प्रभावित भएका छन्, ६९ किलोमिटर सडकखण्ड, ३३ वटा पुल बगेको र ६८ वटा झोलुंगे पुलमा क्षति पुग्यो । त्यस्तै, ७ सय ५९ मेगावाट क्षमताका १३ जलविद्युत आयोजना र २४ मेगावाटका ५ वटा सोलार प्लान्ट प्रभावित भयो । बाढीका कारण कृषि क्षेत्रमा पनि असर पुग्यो । करिब १ हजार ८ सय ६ हेक्टर कृषि भूमिका साथै पशु/पक्षी तथा माछा पालन व्यवसायमा समेत क्षति पुऱ्यायो । प्राधिकरणको विपत द्रुत क्षति तथा आवश्यकता आँकलन प्रतिवेदन अनुसार रसुवा-भोटेकोशी बाढीका कारण ४ खर्ब ८ अर्ब २८ करोडभन्दा बढीको क्षति तथा नोक्सानी भएको आँकलन गरिएको छ । पुननिर्माण एवं पुनर्स्थापनाका लागि ७ खर्ब २३ अर्ब ३१ करोड ५२ लाख आवश्यक पर्ने प्रतिवेदनले जनाएको छ । यसरी शिक्षा, स्वास्थ्य, कृषि तथा पूर्वाधार विकास गर्दै नागरिकको गुणस्तरीय जीवनयापनमा खर्चिनुपर्ने रकम विपत्बाट उत्पन्न परिस्थिति व्यवस्थापनमै वर्षेनी थप रकमको जोहो गर्नुपर्ने अवस्था रहेको छ । यसै त समयमै योजना/आयोजना सम्पन्न गर्न नसक्ने रोगले गाँजिरहेको बेला सोच्दै नसोचेको विपत्ले आगामी दिनमा हाम्रो वार्षिक बजेट तथा पञ्चवर्षीय योजनाहरू निश्चित रूपले प्रभावित हुन्छन् नै । अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुने अभियानमा समेत तगारो उत्पन्न हुने देखिएको छ । विपत्पछिको पुननिर्माण र पुनर्स्थापनामा ठूलो रकम खर्च गर्नुपर्ने बाध्यता नेपालजस्तो कमजोर अर्थतन्त्रका लागि आफैंमा चुनौतिपूर्ण हो । प्रधानमन्त्री बालेन्द्र शाहले संयुक्त राष्ट्रसंघको ८१औं महासभामा यही असोज ९ गतेको सम्बोधनको सुरुवातमै कम विकसित राष्ट्रले भोग्नुपरेको जलवायु विपत्को पीडा बोलेका छन्, 'म याहाँ तपाईंहरू सामु हिमालयमा रहेको एउटा टाढाको देश नेपालका तर्फबाट मानवताई नजिकैदेखि दिइरहेको चेतावनी लिएर आएको छुँ । आज म यहाँ विकास, लोकतन्त्र, शान्ति र एउटा आशाबारे बोल्न चाहन्थैं तर त्यसको सट्टा म मृत्यु र अकल्पनीय विनाशबारे बोल्छु । ती परिवारबारे जो कहिल्यै घर नफर्कने आृना प्रियजनलाई पर्खिरहेका छन् । ती समुदायबारे, जसले लेदो, ढुंगामाटो, पानीभित्र आृना मानिसहरूको खोजी गरिरहेका छन्, जसको शरीर अब कहिल्यै नभेटिनसक्छ । ती पुलहरू, सडकहरू, विद्यालयहरू, घरहरू र जीविकोपार्जनका माध्यम निमेषभरमै बगेर गए । एउटा देशबारे जसले दिगो विकासको लक्ष्य हासिल गर्ने दिशामा निरन्तर प्रगति गरिरहेको थियो, त्यसमा अवरोध पुगेको छ ।' निश्चय पनि विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान ०.१ प्रतिशत भन्दा कम रहेको सन्दर्भमा नेपालजस्तो हिमाली देशले ठूलो मूल्य चुकाइरहनु परेको छ । पृथ्वीको तापमान वृद्धिको कारण बढ्दो जीवाश्म इन्धन नै हो भन्ने तथ्य स्पष्ट भइसकेको छ । बढी कार्बन उत्सर्जन गर्ने देशहरू अब गम्भीर हुनैपर्छ । विकासको होडबाजीमा प्रकृतिको हितविपरीत हुने कार्यहरू रोकिनुपर्दछ । कोप, संयुक्त राष्ट्रसंघ जस्ता मञ्चमा वर्षेनी छलफल हुने तर कार्यान्वयन पक्षमा विकसित राष्ट्रहरूले देखाउने फितलोपनको अन्त्य हुनैपर्छ । जलवायु न्याय हामीजस्ता राष्ट्रले पाउनैपर्छ । हामीले नखाएको विष, हामीलाई लाग्नु भएन । प्रधानमन्त्री शाहले भनेझैं 'जलवायु न्याय' संयुक्त राष्ट्रसंघको दस्ताबेजमा सुन्दर वाक्यमा मात्र सीमित हुनु हुँदैन । आगामी दिनमा नेपालजस्तो देशलाई जलवायु विपतमा जुधिरहनुपर्ने समस्याबाट मुक्त गराएर आफ्नो भविष्य बनाउने अवसर दिइनुपर्छ । यसपटक हाम्रा प्रधानमन्त्रीद्वारा संयुक्त राष्ट्रसंघजस्तो गरिमामय मञ्चमा हिमालयले दिएको पछिल्लो चेतावनीमूलक सन्देशलाई गहकिलो तबरले प्रस्तुत गर्ने कार्य भएको छ । विश्व समुदायले पनि नेपालको प्रस्तुतिलाई समेत ग्रहण गरी ढिलो नगरी कार्यान्वयमा लैजानुको विकल्प छैन । विश्वमञ्चमा हामीले आृनो भनाइ राखिरहँदा भोटेकोशी विपत्बाट हामी आफैंले पाठ सिक्न जरुरी छ । कतिपय विपत् हाम्रै आन्तरिक कारणले निम्तिने गरेका छन् । सामान्य वर्षामा पनि ठूलै धनजनको क्षति व्यहोर्नु परिरहेको छ । हामीले पनि विकासको नाममा कतै विनाश निम्त्याउने विकास त गरेनौं ? यस प्रश्नमा गम्भीर छलफल चलाउनु पर्ने खाँचो देखिएको छ । विकास निर्माणका कार्यहरूमा हेलचेक्र्याइँ गरिएका प्रसस्त उदाहरण छन् । नेपालको अधिकांश भू-भाग हिमाली तथा पहाडी भुबनोटको हुँदाहुँदै यसलाई हेक्का राखेर निर्माणका गतिविधि सञ्चालन गर्न हामी चुकिरहेका छौं । व्यवस्थित र वैज्ञानिक बसोवासतर्फ सोचिएन । बस्ती र शहरहरू बिना दीर्घकालीन योजना फैलिँदै गए । डाँडाकाँडा खोस्रेर जग्गा प्लटिङ थालियो । पहाडी क्षेत्रमा भएको गतिविधिका कारण खोलाको सतह बढ्दो छ । नदीनालाको जथाभावी दोहन गरेर उसको साविकको बहने बाटो मिचिँदैछ । यसका कारण सामान्य वर्षामा पनि घरखेत डुबानमा पर्ने गर्दछ । चुरे दोहनले भू-जलसतह घट्दैछ । 'डोजरे विकास का कारण पहाड क्षतविक्षत भएको छ । बाटो बनाउँदा प्राविधिक र वातावरणीय पक्षलाई वेवास्ता गरिन्छ । घरघरमा बाटो पुग्दा दंग त पर्छौं तर हरेक मनसुनमा यी बाटा र सडक नै काल बन्ने गर्दछन् । निश्चय दुर्गम गाउँमा सडक पुग्नु, नदीमा पुल बन्नु, विभिन्न प्रयोजनका लागि भवन बन्नु एवं जलविद्युत/सिँचाइ आयोजना निर्माण हुनु विकासका महत्त्वपूर्ण सूचक हुन । तर, अब पूर्वाधार विकाससँगै बनेका पूर्वाधारहरू विपत्को समयमा कतिको टिकाउ हुन्छन् भन्ने प्रश्न पनि उत्तिकै पेचिलो बनेको छ । भौगोलिक रूपमा नेपाल अत्यन्त संवेदनशील देश हो । एक त हिमाली र पहाडी क्षेत्रका भूगर्भीय संरचना कमजोर छन्, त्यसमाथि जलवायु परिवर्तनका कारण बाढी, पहिरो, हिमताल विष्फोट जस्ता घटना बढ्दो अवस्थामा छन् । उदाहरणका लागि महेन्द्र लोकमार्गमा बीचबीचमा जंगल नहुँदो हो त पूर्व काँकडभिट्टादेखि पश्चिम महेन्द्रनगरसम्म घरैघरले जोडिने थियो होला । योजनाबद्ध तबरले सहरी विकास हुनुपर्नेमा बस्ती विस्तार भएपछि मात्र अन्य पूर्वाधार बन्ने भयो । अथार्त, सडक छेउमा घर, होटल, व्यवसाय आदि थपिँदै थए । अनि मात्र खानेपानी, ढल, विद्युत, विद्यालय, अस्पताल जस्ता पूर्वाधार बन्न पुगे । बस्ती विस्तार भएको स्थानमा जोखिमको अध्ययन नै भएन । अझ नदी किनार, पहिरोको सम्भावना भएका पहाडी भूभाग र कमजोर भूगर्भीय क्षेत्रमा अनियन्त्रित तबरले घर तथा व्यावसायिक संरचना निर्माण हुँदा एउटा विपत्ले क्षणभरमै ठूलो धनजन सखाप पार्नसक्छ । नेपालमा बस्ती विकास तथा सहरीकरणका नीति तथा मामदण्ड नभएका होइनन् तर फितलो कार्यान्वयन, जोखिममा आधारित भू-उपयोग योजनाको अभाव र स्थानीय तहको नियमन क्षमता कमजोर रहँदा व्यवहारमा अनियन्त्रितबरले बस्ती विस्तार हुन पुग्यो । अब भने जोखिममा आधारित बस्ती योजना आवश्यक छ । जोखिम वर्गीकरणको आधारमा असुरक्षित देखिएका बस्तीहरूलाई स्थानान्तरण गर्न विलम्ब गरिनु हुँदैन । अब सडक विस्तारसँगै लमतन्न तबरले हुने बस्ती विस्तारको परम्परालाई निषेध गरिनुपर्छ । राजमार्गमा बस्ती होइन कि बस्ती बसाउन बेग्लै योजना चाहिन्छ । विशेषगरी नदी किनार र पहिरो जाने सम्भावना रहेको भिरालो स्थानमा पहिले बस्ती बस्ने र पछि जोखिम बुझ्ने कार्य सरकार र निजी क्षेत्र दुबैका लागि निकै महँगो सावित हुनसक्छ । भोटेकोशी विपद्ले विकासको नाममा निर्माण गरिने भौतिक संरचनाका गुणस्तरस्तरमा सम्झैता गर्न नहुने पाठ पनि सिकाएको छ । अब विकासको मापन संख्यात्मक मात्र हुनुहुँदैन । निर्माण गरिएका संरचना सुरक्षित, दिगो र विपत्पछि याथासक्य छिटो पुन:सञ्चालनमा ल्याउनसक्ने खालका हुनुपर्दछ । निर्मित भौतिक संरचना स्थल आसपासका समुदायले पनि सुरक्षित महसुस गर्न सक्नुपर्दछ । आउँदा दिनमा विकास गतिविधिहरू अगाडि बढाउँदा विपत् जोखिम न्यूनीकरणमा किमार्थ सम्झौता गरिनु हुँदैन । जोखिममा आधारित भू-उपयोग योजना, विपत्उत्थानशील पूर्वाधार निर्माण, दिगो विकास जस्ता पक्षलाई आत्मसात गर्नै पर्छ । त्यसैगरी बीमा, विपत् कोष र वित्तीय जोखिम प्रणालीलाई पनि उत्तिकै सशक्त बनाउन आवश्यक छ । अर्को महत्त्वपूर्ण पक्ष भनेको विपत् व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय निकायबीचको दह्रो समन्वय । एउटा राम्रो पक्ष के भने विपत्को समयमा हामी सबै नेपाली एकजुट हुन्छौं । आफ्नो गच्छेले भ्याएसम्म एकअर्कालाई सहयोग गर्छौं । प्रधानमन्त्री राहत कोषमा असोज मध्यसम्ममा १६ अर्बभन्दा बढी रकम जम्मा भएको छ । रकम जुटेपछि सही सदुपयोग हुनैपर्छ । विपद्का समयमा हुने राहत तथा उद्धारका क्रममा भ्रष्टाचारसम्मका कुरा उठ्ने गर्दछन् । यसतर्फ राज्य संयन्त्र सजग हुनपर्दछ । सामान्य बाढी/पहिरोको सामना गरिरहेका हामी नेपालीका लागि जलवायुजन्य विपत् आगामी दिनमा थप चुनौतिपूर्ण हुनसक्छ । हाम्रो कारणले ननिम्तिएका विपद्का लागि अन्तर्राष्ट्रिय मञ्चमा जलवायु न्याय माग गर्न निरन्तर बहस र पैरवी गर्नैपर्छ । अर्कोतर्फ हाम्रो आन्तरिक कारणले निम्तिने विपत् न्यूनीकरणतर्फ उत्तिकै जिम्मेवार हुनुपर्दछ । हामीले अगाडि बढाउने विकास प्रयास कति सुरक्षित, उत्थानशील र दिगो हुन्छ ? यसका लागि नीति/योजनामा दूरदृष्टि, अनि कार्यान्वयमा इमान्दारिता चाहिन्छ । तबमात्र आइलाग्ने चुनौती सामना गर्न सहज हुनेछ । ***(पोखरेल कृषि विकास बैंकको पूर्वविभागीय प्रमुख हुनुहुन्छ ।)***

***-इहिमालय डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०७००
रेडक्रस तौलिहवा ०७६-५६००५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ सल्का ९८४७०१०७६५
रामपुर टेइन्टी:९८५७०६२२७,९८४७०६७५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कार्यक्षेत्रमा पिताको सहयोग मिल्नेछ। नोकरी वा पेशामा थप काम गर्नुपर्ला। | **तुला**: विश्वासपात्रबाट धोखा मिल्न सक्छ। दाम्पत्य जीवन सुमधुर रहनेछ। |
| **वृष** : व्यापार व्यवसायमा लाभ मिल्नेछ। कार्यक्षेत्रमा यात्राबाट लाभ मिल्नेछ। | **वृश्चिक** : नोकरीको खोजिमा सफलता मिल्नेछ। नयाँ पहिरनको अवसर मिल्नेछ। |
| **मिथुन** : कार्यक्षेत्रमा लाभले मन प्रसन्न रहनेछ। स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ। | **धनु** : स्वास्थ्यलाई लिएर मन चिन्तित रहनेछ। कार्यक्षेत्रमा सफलता मिल्नेछ। |
| **कर्कट** : नयाँ काम हात लागिपर्ला। जीवनसाथीको नोकरीमा पदोन्नति हुनेछ। | **मकर** : कामले दिनचर्यामा बदलाव हुनसक्ला। साहस र उत्साहमा वृद्धि हुनेछ। |
| **सिंह** : नेतृत्व गर्ने क्षमता बढ्नेछ। सामाजिक सञ्जालमा कुरा राम्ररी राख्न सक्नुहुनेछ। | **कुम्भ**: कार्यक्षेत्रमा सोचे अनुसार कार्य नहोला। स्वास्थ्यमा धन खर्च हुनेछ। |
| **कन्या** : गलत कुरामा विश्वास राख्दा हानि हुनसक्छ। प्ररिक्षामा सफलता मिल्नेछ। | **मीन** : इन्टरभ्युको लागि दिन राम्रो रहेको छ। स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ। |




कथा — रीता सिंह सिर्जना

# जाल



"रक्षा, तैँले केही सुनिस् ?" सानु काकीको स्वरले म झस्किएँ । म दिउँसोको भान्साको काममा व्यस्त थिएँ । "केही सुनिनँ त काकी ! केही भयो र?" मैले उत्सुकतापूर्वक सोधेँ । "के हुनु नि ! नक्कचडी मायाको मगज बिग्रेको छ ।" काकीले रिसले दाँत किट्दै भन्नुभयो । "काकी, यस्तो किन भन्नुहुन्छ? आउनुहोस् न, यहाँ बस्नुस्," भन्दै मैले कुर्सी अघि सारेँ । काकीको अनुहारमा नजर परेपछि बुझेँ–उनी अत्यन्तै रिसाएकी थिइन् । मैले तुरुन्तै एक गिलास चिसो पानी अघि बढाउँदै भनेँ, "काकी, पानी पिउनुहोस् न ।" केहीबेरपछि काकीको स्वर शान्त भयो, तर अनुहारमा पीडाको छाया भने अझै झल्किइरहेको थियो । "अब भन्नुहोस् काकी, के भयो माया भाउज्यूलाई ?" मैले सोधेँ । "रक्षा, मायाले गर्नेसम्म गरिछे ।" काकीको स्वरमा व्यथा मिसिएको थियो । "के गरिन् उनले ?" "उसले आफ्नै संसार, घर-परिवार सबै त्यागेर तीन जना नानीको बाउसित हिजो राति पोइला गइछ ।" काकीको कुरा सुनेर म स्तब्ध भएँ । यस्तो कस्तो मानसिकता फैलिँदैछ हाम्रो समाजमा ? काकी अझै बोलिरहेकी थिइन्–"त्यस्तो सोझो लोग्ने, स-साना नानीहरू... कसरी बिर्सी होला उसले ? मलाई त विश्वासै लाग्दैन ।" "काकी, सूरज दाइ त असल मान्छे हुनुहुन्छ नि ।" मैले भनेँ । "त्यही त ! त्यसैले त अचम्म लागेको। के एउटी आमाले आफ्ना सन्तान त्याग्न सक्छे ?" म पनि मौन भएँ । माया भाउजू जस्ती सरल र मृदु स्वभावकी महिलाले यस्तो कदम चाल्न सक्छिन् भन्ने कुरा मनले मान्न सक्तिनँ । मलाई त्यो पल याद आउँछ, जब सूरज दाइले मन पराएर मागी बिहे गरी तेजपुरबाट ठूलो उत्साहका साथ माया भाउजूलाई कोक्राझार ल्याउनुभएको थियो । म पनि बिहेमा बेहुली हेर्न काकीसँगै गएकी थिएँ । दुवै जना निकै खुसी थिए । सूरज दाइ फोरेस्ट गार्ड, माया म्याट्रिक पास, सभ्य र समझदार बुहारी । सासू, नन्द र उनी भएको सानो तर रमाइलो परिवार । बूढाको पोस्टिङ यत्रतत्र हुने भएकाले घरको सम्पूर्ण जिम्मेवारी माया भाउजूले नै सम्हाल्नुपर्थ्यो । यसबीच दुवैको जीवनमा जुम्ल्याहा नानीहरूको आगमन भयो–छोरी समृद्धि र छोरा आरोग्य । आमा-बुबा बनेर दुवै धेरै खुसी भए । न्वारानका दिन सासूले सन्तान जन्मेको खुशीमा बुहारीलाई एक जोडी सुनका चुरा दिँदै भन्नुभएको थियो, "बुहारी, तिमीले हामीलाई धेरै खुशी दिएकी छ्यौ । हाम्रो वंशको उत्तराधिकारीका रूपमा यी दुई नानीहरूको आगमन कुनै उपहारभन्दा कम छैन । तिमीले घरको मर्यादाको सधैँ ख्याल राख्नू ।" माया पनि खुशी भइन् । फुपू बनेकी नन्द पनि पालैपालो नानीहरू बोक्ने र भान्सामा भाउजूलाई सहयोग गर्ने गर्थिन् । यस्तो सुन्दर परिवारमा आखिर माया भाउजूले यत्रो ठूलो कदम किन उठाइन् होला ? म यही सोच्दै विचारमग्न भएँ । "रक्षा, के सोच्दैछेस ?" काकीको स्वरले मेरो ध्यान फर्कायो । सबै ठीकठाक चलिरहेको थियो, फेरि यस्तो कसरी भयो भनेर सोच्दै थिएँ । "तँ त शहर पढ्न गएकी । तैले के थाहा पाउँछेस ?" काकीको कुरा ठिकै थियो । म पाँच वर्षपछि घर आएकी थिएँ । छुट्टीका बेला पनि पढाइ र काममै व्यस्त हुन्थेँ । तर यो खबरले म भित्रसम्म हल्लिएकी थिएँ । "काकी, मायाले यस्तो किन गरिन् होला ?" मैले सोधेँ । "सबै मोबाइलको दोष हो, रक्षा । आमाको स्वर्गवास भएपछि सूरजले मायाको जन्मदिनमा मोबाइल दिएको थियो ।" "मोबाइलको दोष ?" म अचम्म परेँ । "हो नि, गाउँभर यही कुरा छ । मोबाइलमै कसैको प्रेममा परिछे, अनि पोइला गइछे ।" त्यो सुनेर मेरो मनमा अघिल्लो दिनको समाचार झल्कियो–"१२ वर्षको दाम्पत्य जीवन त्यागी, पत्नी परपुरुषसँग फरार ।" आजकल धेरै महिलाहरू सामाजिक सञ्जालको झिलिमिलीमा परेर जीवन बर्बाद गरिरहेका छन् । विज्ञानको विकाससँगै यसको दुरुपयोगले अनेक घर उजाडिएका छन् । म सोच्न थालेँ–यो केवल मायाभाउजूको कथा होइन, आजको समाजको वास्तविकता हो । "काकी, तर हामीले कुरा गरेर मात्र हुँदैन, केही गर्नुपर्छ," मैले दृढ स्वरमा भनेँ । "के गर्न खोजेकी ?" "आज बेलुकी सबै महिलाहरूलाई घरमा बोलाउनुहोस् । कुरा गर्नैपर्छ ।" काकी अचम्म मान्दै गइन् । म भने मनमनै योजना बनाउन थालेँ । बेलुकी गाउँकी महिलाहरू भेला भइन् । सबैको अनुहारमा जिज्ञासा थियो । "हामी सबैलाई थाहा छ, माया भाउजूको घटना कति पीडादायी छ । तर उनी दोषी होइनिन्, उनी जालमा परेकी छन् जस्तो मलाई लाग्छ," मैले भनेँ । केही आवाजहरू उठे–"ल्याउनैपर्ने के छ र ?" "मोबाइलले नै बिगारेको हो !" "हाम्रो पालामा त मोबाइल थिएन, तर कोही भड्काउँदा पनि कोही भड्किँदैनथ्यो," बडेमाले भनिन् । "तर गल्ती सुधार्न पनि त पर्छ नि," मैले शान्त स्वरमा भनेँ । म सबैलाई सम्झाउँदै गएँ–"आज धेरै युवतीहरू भेष बदल्ने ठगहरूको जालमा परेका छन् । कसैको इज्जत, कसैको धन, कसैको जीवन बर्बाद भएको छ । त्यसैले सचेत बन्नु नै समाधान हो ।" बडेमाले टाउको हल्लाउँदै भनिन्, "रक्षाले ठीक भनिन् । हामीले सूरजको घरमा गएर कुरा गर्नुपर्छ ।" सबै एकमत भए । एकछिनपछि हामी सूरज दाइकोमा पुग्यौँ । खबर सुनेर सूरज दाइ घर आउनुभएको रहेछ । अलिकति रिस, अलिकति चिन्ता मिश्रित दाइको अनुहार एकदमै अँध्यारो थियो । अर्कोतिर नन्द नानीहरूलाई सम्हालिरहेकी रहिछ । गहभरि आँसु बोकेर ऊ बोली–"मेरी भाउजू गलत हुनु सक्नुहुन्न ।" "नरोऊ कान्छी, मायालाई के भएको थियो ?" "अलिक दिनबाट भाउजू डिस्टर्ब हुनुहुन्थ्यो। एउटा कल आउँथ्यो । मैले सोध्दा भन्नुहुन्थ्यो, 'केही होइन, तिमी टेन्सन नलेऊ । म सब ठीक गरिदिन्छु ।'" मैँले बुझिनँ भाउजूले के भन्नुभएको । तर भाउजूले केही भन्नु भएन र हिजो दिउँसो भान्सा सकीवरी घरबाट निस्किनुभएको, अझै फर्किनुभएको छैन ।" भाउजूलाई दाइले असाध्यै नै माया गर्नुहुन्थ्यो । उनी उदास थिए तर भित्रबाट यो कुरा स्वीकार गर्न तयार थिएनन् । हामीले यही अनुभव गर्‍यौँ। तर भाउजू त्यसरी गएकोमा उनी बहुत दु:खी थिए । "हेर् सूरज, तँ दु:ख नमान् । हामीलाई पनि दु:ख लागेको छ । तर हामीलाई लाग्छ माया सही छ । हामी उसलाई फर्काएर ल्याउँछौँ । त्यस मुनालाई हामी छाड्ने छैनौँ ।" "बडेमा, मैले मायालाई आफूभन्दा बढी माया गरेथेँ । तर उसले यस्तो गर्ली भन्ने मैले कहिल्यै सोचेको थिइनँ ।" "सूरज, बुहारीको दोष नहुन पनि सक्छ । हामी उसलाई लिएर आउँछौँ । तैँले अपनाउनुपर्छ ।" "ऊ सही छ भने मलाई केही आपत्ति छैन । यी नानीहरूलाई उसले कसरी बिर्सिई होली, म आफैँ छक्क परिरहेको छु ।" "हामीले पुलिसको सहायता लिनुपर्छ ।" सूरज दाइले पुलिसमा एफआईआर गर्नुभयो । भोलिपल्ट पुलिसले सन्धान पायो । त्यो मान्छेले माया भाउजूलाई एउटा होटलमा बन्दी बनाएर राखेका रहेछन् । माया भाउजू बेहोशीकै अवस्थामा उद्धार भइन् । पछि कुरो बुझ्दा उनी जालमा परेकी रहिछिन् । उनको फोनमा एक दिन एउटा मिस कल आएको रहेछ । त्यो मान्छेले हरेक दिन उनलाई फोन गर्ने गर्दो रहेछ । उनी कता जान्छिन्, के गर्छिन्, सब थाहा हुने । साथै, उनकी नन्दलाई अपहरण गर्ने धम्की दिन थालेछ । उनी दिक्क भइछिन्, तर कसैलाई भनिनछिन् । त्यस दिन कुराको छिनाफानो गर्न घरबाट निस्केकी रहिछिन् । तर दुर्भाग्य, त्यसै मान्छेले उनलाई कारमा हालेर लगेछ । त्यो समय माइला दाइले त्यो मान्छेलाई देखेर चिनेछन् । त्यो मान्छे तीनवटा नानीको बाउ हो भन्ने कुरा उनलाई थाहा रहेछ । उसको रेकर्ड राम्रो थिएन । पुलिसले सबैलाई जेलमा हाल्यो । हामीले भाउजूलाई फर्काएर सूरज दाइलाई सुम्पिँदा हामी सबैले एउटा अनौठो खुशीको अनुभव गर्‍यौँ । भाउजू माफी माग्दै रोइहालिन्–"मैले पहिले नै हजुरलाई भन्नु पर्ने । मेरो भूल भयो । मलाई क्षमा गरिदिनुस् ।" "नरोऊ । जे भयो, भइगयो। आऊ घर सम्भाल । हेर, घरका प्रत्येकलाई तिम्रो कति प्रतीक्षा थियो ? तिमीविना एउटा खालीपन भइसकेको थियो । तर मनमा विश्वास थियो तिमीमाथि..." भन्दै सूरज दाइले माया भाउजूका आँसु पुछिदिनुभयो । फेरि हात जोड्दै बडेमालाई भन्नुभयो–"हजुरहरूको विश्वास र मद्दतको लागि म सधैँभरि आभारी रहने छु ।" चरा चुरुङ्गीहरू सबै आफ्ना गुँडतिर फर्किरहेका थिए । नानीहरू दगुर्दै आमालाई आइपुगे । नन्दको आँखामा खुशी र आभारका आँसु थिए । हामी पनि सुखद अनुभूतिका साथ त्यहाँबाट आफ्ना-आफ्ना घरतिर फर्कियौँ ।

*-साहित्यपोष्ट डटकम*

निबन्ध — डा. नवराज सुब्बा

# घर जाने बाटो

एक समय थियो, दशैं आउनु भनेको मेरा लागि केवल चाड आउनु थिएन, घर जाने दिन नजिकिनु थियो । काठमाडौंमा बसेर पात्रोका पाना पल्टाउँदा म तिथिभन्दा बढी बिदा गन्थेँ । दशैं कहिले आउला, कलेज कहिले बन्द होला र म कहिले घरतिर हिँडूँला भन्ने एउटा मीठो अधैर्य मनभित्र सधैं जागिरहन्थ्यो । त्यसबेला घर पुग्नु आजजस्तो केही घण्टाको यात्रा थिएन। बस, पैदल बाटो, उकालो, ओरालो, खोला, भञ्ज्याङ र थकाइ पार गरेपछि मात्र घर पुगिन्थ्यो । सायद त्यसैले घरको अर्थ पनि त्यति नै गहिरो थियो । काठमाडौंको विद्यार्थी जीवन आफ्नै किसिमको संघर्ष थियो । गाउँबाट आएको एउटा युवकका लागि त्यो शहर ठूलो पनि थियो, अपरिचित पनि । मानिसको भीड थियो, तर भीडभित्र आृनो मान्छे कम थिए । सडक थिए, पसल थिए, क्याम्पस थियो, पुस्तकालय थियो, अवसरका अनेक ढोका थिए, तर ती ढोकासम्म पुग्न आृनै सामर्थ्यसँग दिनहुँ जुध्नुपर्थ्यो । एकातिर अभाव थियो, अर्कातिर सपना । खल्ती सानो थियो, चाहना ठूलो । मानिस कहिलेकाहीँ पैसाको अभावले मात्र गरिब हुँदैन, आफूलाई चाहिने संसार अझै धेरै टाढा देखिँदा पनि गरिब महसुस गर्छ । विद्यार्थी जीवनमा मैले त्यही दूरी धेरै पटक अनुभव गरेँ । पढाइ झन् सजिलो थिएन। हरेक छ महिनामा सेमेस्टर परीक्षा आउँथ्यो । बीचबीचमा अरू परीक्षा पनि हुन्थे । चिकित्सा शास्त्रको प्रमाणपत्र तहको पढाइ अंग्रेजी माध्यममा थियो । म भने गाउँको नेपाली भाषामा पढाइ हुने सरकारी विद्यालयबाट आएको थिएँ । किताब खोल्दा विषयवस्तुभन्दा पहिले भाषासँग संघर्ष गर्नुपर्थ्यो । एउटा अनुच्छेद बुझ्न कहिलेकाहीँ पटकपटक पढ्थेँ । एउटा शब्दले अर्को शब्द खोज्न लगाउँथ्यो, अर्को शब्दले फेरि अर्को किताब खोल्न बाध्य बनाउँथ्यो । अरू साथीहरू सहजै अघि बढिरहेका छन् जस्तो लाग्थ्यो । म भने एउटै कुरा समातेर धेरै बेर बसिरहन्थेँ । तर जीवनका केही कठिन बाटाहरूमा गति होइन, नरोकिनु ठूलो कुरा रहेछ । मैले बिस्तारै यही कुरा सिक्दै गएँ । महाराजगञ्ज क्याम्पसको होस्टेलमा बसिन्थ्यो । साथीहरू थिए, हाँसो थियो, रात अबेरसम्मका गफ थिए । कलेजको आफ्नै संसार थियो । तर शरीर काठमाडौंमा बसे पनि मनको एउटा भाग हाङपाङमै छुटेको हुन्थ्यो । कक्षाकोठामा बसेर पनि कहिलेकाहीँ म सोबुवा देउराली, गुफा पोखरी र घरछेउको बरको रूख सम्झिरहेको हुन्थेँ । अन्ततः बिदा हुन्थ्यो । झोला बाँधिन्थ्यो । काठमाडौं छाडेर बस धरानतिर लाग्थ्यो । धरान पुगेपछि वास्तविक यात्रा सुरु हुन्थ्यो । त्यहाँबाट ताप्लेजुङको हाङपाङ पुग्न तीन दिनजति पैदल हिँड्नुपर्थ्यो । आज सम्झँदा ती तीन दिन केवल दूरी पार गर्ने समय थिएनन् । ती त शहरबाट बिस्तारै आफ्नो मूलतिर फर्कने दिन थिए । पिठ्यूँमा दस, बाह्र किलोको झोला हुन्थ्यो । बाटो लामो थियो । पैतालामा ठेला उठ्थे। काँध दुख्थ्यो । पसिनाले लुगा भिज्थ्यो । कहिले उकालोले सास तान्थ्यो, कहिले ओरालोले घुँडा गलाउँथ्यो । तर अचम्म, शरीर जति थाके पनि मन थाक्दैनथ्यो । घर पुग्ने इच्छा मानिसको शरीरभन्दा बलियो हुँदो रहेछ । हरेक मोडमा लाग्थ्यो, अब त गाउँ नजिक आयो होला । हरेक डाँडापछाडि आृनै बाल्यकाल पर्खिरहेको जस्तो लाग्थ्यो । हाङपाङ केवल एउटा गाउँ थिएन । त्यहाँ मेरा बाबुआमा थिए । भाइबहिनी थिए । छिमेकी थिए । बालसखा थिए । विद्यालयका गुरुहरू थिए । त्यहाँ म हिँड्न सिकेको माटो थियो । खेलेका पाखा थिए । चिनिएका खोल्सा, चौतारा, बारी र गोरेटाहरू थिए । हामी हुर्केको ठाउँमा वस्तुहरू पनि केवल वस्तु रहँदैनन् । रूख स्मृति बन्छ। ढुंगा चिनारी बन्छ । बाटो जीवनकथाको अंश बन्छ । एउटा घर ईँटा, ढुंगा वा काठको संरचना मात्र हुँदैन । त्यसमा आमाको आवाज, बाबुको अनुहार, भान्साको गन्ध, भाइबहिनीको हाँसो र आफूले बाँचेका अनगिन्ती दिनहरू मिसिएका हुन्छन् । सायद त्यसैले त्यति कठिन यात्रा पनि छोटो लाग्थ्यो । गन्तव्य प्रिय भयो भने दूरीको गणित बदलिन्छ । बाटोको लम्बाइ माइल वा कोसले मात्र नापिँदैन, मनले पनि नाप्छ । गाउँ पुगेपछि संसार फेरि आृनै ठाउँमा आएजस्तो लाग्थ्यो । बाबुआमाको अनुहार हेर्दा यात्राको थकाइ हराउँथ्यो । भाइबहिनी भेटिन्थे । पुराना साथीहरू भेटिन्थे । गुरुहरूलाई भेट्दा आफू फेरि पुरानै विद्यार्थी भएजस्तो लाग्थ्यो । परिचित बाटामा हिँड्दा समय केही बेर रोकिएजस्तो हुन्थ्यो । दशैंका ती केही दिनमा शहर, कलेज, अंग्रेजी किताब र परीक्षाको दबाब कतै पर धकेलिन्थ्यो । तर सुखका दिनहरूलाई समयले अलि छिटो गन्छ कि जस्तो लाग्छ । बिदा सकिन्थ्यो । फर्किने दिन आउँथ्यो । त्यो दिन केवल काठमाडौं जाने दिन थिएन । त्यो घरबाट छुट्टिने दिन थियो । घरबाट निस्कँदा पाइला अघि बढ्थे, मन पछाडि फर्किरहन्थ्यो । बाबुआमालाई छोडेर हिँड्नु, भाइबहिनीलाई छोड्नु, घरको आँगन छोड्नु, परिचित गाउँलाई पछाडि पार्नु, यी सबै मिलेर मनमा एउटा नबोलेको पीडा बनाउँथे । उकालो चढ्दै सोबुवा देउराली पुग्दासम्म त्यो पीडा झन् गहिरिन्थ्यो । दिउँसो एक, दुई बजेतिर देउराली पुगिन्थ्यो । त्यहाँ म केही बेर रोकिन्थेँ । तल मेरो गाउँ देखिन्थ्यो । गाउँको बीचतिर एउटा ठूलो बरको रूख थियो । त्यसको नजिकै हाम्रो घर। माथिबाट हेर्दा घर सानो देखिन्थ्यो । तर त्यो सानो घरभित्र मेरो संसार विशाल थियो । त्यहाँ मेरो विगत थियो, मेरो नाता थियो, मेरो परिचय थियो । दूरीले घरलाई सानो बनाउँथ्यो, स्मृतिले फेरि ठूलो बनाइदिन्थ्यो । म केही बेर चुपचाप हेरिरहन्थेँ । मनमनै भन्थेँ, "फेरि भेटौँला ।" सायद मानिसले जीवनमा सबैभन्दा गहिरा कुरा आवाज निकालेर बोल्दैन । कतिपय बिदाइ मौन हुन्छन् । साँगुरीको उकालोमा शरीरले प्रत्येक पाइला गनेजस्तो लाग्थ्यो । तर भञ्ज्याङ पुगेपछि मन हलुका हुन्थ्यो । त्यहाँबाट धरानतिर ओरालो थियो । कठिन उकालोपछि आउने त्यो ओरालोले यात्रालाई केही सहज बनाइदिन्थ्यो । बाटामा कतैकतै तास र डाइसका पासा थापेर बस्नेहरू भेटिन्थे । यात्रुको लोभ जाँच्ने साना जालहरू थिए ती । सोझासाझा ढाक्रेहरू वरिपरि झुम्मिन्थे । कोही पैसा हार्थे, कोही आृनो भाग्यलाई दोष दिन्थे, कोही खेलाउनेको चलाखीलाई सराप्थे । म भने त्यतातिर ध्यान दिन्नथेँ । मेरो गन्तव्य धरान थियो । धरान पुग्दा साँझ पर्थ्यो । शहरका बिजुलीका बत्तीहरू बलिसकेका हुन्थे । तीन दिनको पैदल यात्रापछि ती बत्ती देख्दा एउटा अनौठो राहत मिल्थ्यो । अब भोलि बस चढेर काठमाडौं पुगिन्छ भन्ने लाग्थ्यो । फेरि काठमाडौं । फेरि होस्टेल । फेरि कलेज । फेरि अंग्रेजीका किताब । फेरि परीक्षा । फेरि संघर्ष । त्यतिबेला मलाई थाहा थिएन, मैले कहिलेकाहीँ कठोर ठानेको त्यही काठमाडौंले भविष्यमा मेरा लागि धेरै ढोका खोल्नेछ । जीवनका कतिपय ठाउँको महत्त्व त्यहाँ रहँदा भन्दा धेरै पछि बुझिँदो रहेछ । कुनै ठाउँसँग सुखका सम्झना जोडिन्छन्, कुनैसँग संघर्षका । पछि फर्केर हेर्दा दुवैले जीवनमा आफ्नो ठाउँ बनाएका हुन्छन् । समय बित्दै गयो । हाङपाङ बदलियो । काठमाडौं बदलियो । बाटाहरू बदलिएका छन् । म स्वयं पनि बदलिएको छु । जहाँ तीन दिन हिँडेर पुगिन्थ्यो, त्यहाँ आज सडक पुगेको छ । कतिपय पुराना गोरेटाहरू हराएका छन् । कतै नयाँ बाटो बनेको छ । दूरी छोटिएको छ । यात्राको दु:ख कम भएको छ । तर कहिलेकाहीँ लाग्छ, बाटो छोटिँदै जाँदा प्रतीक्षा पनि छोटियो । प्रतीक्षा छोटिँदा भेटको स्वाद पनि केही फेरियो । पहिले घर पुग्न शरीरले ठूलो मूल्य तिर्थ्यो । पैताला फुट्थे, काँध दुख्थे, रात बाटामै बित्थ्यो । तर घर पुग्नु ठूलो घटना हुन्थ्यो । आज यात्रा सजिलो भएको छ । समय बचेको छ । सुविधा बढेको छ । तर पुराना यात्रासँग जोडिएका अनुभूति भने त्यही रूपमा फर्केर आउँदैनन् । आज पनि म सोच्छु, त्यो बरको रूख कहाँ छ ? त्यो देउरालीबाट देखिने घरको छानो कहाँ छ ? त्यो गाउँलाई फर्केर हेर्दै मनमनै बिदा माग्ने युवक कहाँ छ ? समयसँगै तीमध्ये धेरै कुरा फेरिए । केही हराए । केहीको रूप बदलियो। तर सम्झनामा भने तिनको आफ्नै ठाउँ छ । पुरानो घर नहुन सक्छ, तर घरसँग जोडिएका दृश्यहरू बाँकी रहन्छन् । पुरानो गोरेटो सडकले छोपेको हुन सक्छ, तर त्यहाँ हिँडेको अनुभव हराउँदैन । सायद यसैले पुराना बाटाहरू सम्झँदा हामी केवल भूगोल सम्झिरहेका हुँदैनौं । त्यहाँ बितेको आफ्नो समय पनि सम्झिरहेका हुन्छौं । मेरो स्मृतिमा आज पनि एउटा युवक हिँडिरहेको छ । पिठ्यूँमा भारी झोला छ । पैतालामा ठेला छन् । शरीर थाकेको छ । तर आँखामा घर पुग्ने हतार छ । कहिलेकाहीँ ऊ फेरि सोबुवा देउरालीमा पुग्छ । तल गाउँ हेर्छ । बरको रूख खोज्छ । आफ्नो घरतिर आँखा लगाउँछ । अनि चुपचाप भन्छ, "म फेरि आउँछु ।" वर्षौं बिते । धेरै मानिस अब सम्झनामा मात्र छन् । पुराना बाटाहरूमा सडक बने । गाउँको स्वरूप फेरियो । समयले आफ्नै ढंगले धेरै कुरा बदल्यो । तर त्यो यात्राको एउटा दृश्य भने मनमा स्पष्ट छ, देउरालीमा उभिएको म, तल देखिएको गाउँ र मनमनै भनिएको एउटा वाक्य, "म फेरि आउँछु ।" आज त्यो वाक्य सुन्दा कुनै ठूलो दार्शनिक अर्थ खोजिरहन मन लाग्दैन । त्यो केवल घर छोडेर हिँडेको एउटा युवकको भाव थियो । फेरि बाबुआमा भेट्ने चाहना थियो । फेरि आफ्नै आँगनमा फर्किने विश्वास थियो । फेरि त्यही बाटो हिँड्ने आशा थियो । त्यसैले आज मलाई काठमाडौंको विद्यार्थी जीवन सम्झँदा कलेज र किताबसँगै घर जाने ती दिनहरू बढी सम्झना आउँछन् । गुफा पोखरी, धनकुटा, मूलघाट, लेउती फेदी, साँगुरी भञ्ज्याङ र सोबुवा देउराली सम्झना आउँछन् । ती बाटाहरू आज उस्तै छैनन् । कतै सडक बनेका छन्, कतै गोरेटाहरू हराएका छन् । तर सम्झनामा एउटा बाटो अझै बाँकी छ । त्यो बाटोमा एउटा युवक झोला बोकेर हिँडिरहेको छ । घर पुग्दा हतारिन्छ। फर्कंदा देउरालीमा रोकिन्छ । तल गाउँतिर हेर्छ । र फेरि भेट्ने आशासहित आफ्नो बाटो लाग्छ ।

*-समकालिन साहित्य डटकम*

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक मुभुङ्ग गा.वि.स.-५, हाल रुपन्देही जिल्ला बुटवल उपमहानगरपालिका-९ निवासी भारतिय भू.पू.सैनिक नं. JC 607234 K का Sub तिल बहादुर बुढाथोकी (ना.प्र.मा तिल बहादुर वुढाथोकी मगर) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा शिव कुमारी (Siba Kumari) र जन्म मिति सन् १९६० अगष्ट १४ ( वि.स.२०१७/०४/३०) र नेपाली नागरिकता प्रमाणपत्रमा शिव कुमारी वुढाथोकी ( Shiva Kumari Budhathoki), जन्म मिति वि.स. २०१६/११/११ (सन् १९६० फेब्रुअरी २३) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## अन्तर्राष्ट्रिय...

...दिवस केवल उत्सव मनाउने दिन मात्र नभई ग्रामीण महिलाले भोगिरहेका समस्या पहिचान गर्ने, उनीहरूको योगदानको कदर गर्ने र समान अवसर तथा सम्मान सुनिश्चित गर्न सामूहिक प्रतिबद्धता व्यक्त गर्ने अवसर पनि हो । ग्रामीण महिलाको सशक्तीकरणबिना दिगो ग्रामीण विकास र समावेशी समृद्धिको लक्ष्य हासिल गर्न कठिन हुने भएकाले उनीहरूको अधिकार, सम्मान र अवसर सुनिश्चित गर्नु आजको आवश्यकता हो ।





























हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई